इमेल – *chulachuli.ruralmunicipality@gmail.com*

# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चुलचुली, इलाम
## १ नं. प्रदेश, नेपाल

पत्र संख्या (क.प्र.) :२०७८/०७९
च. नं.(Ref.No.) :

मिति (Date) : २०७८/०९/२१

## आ.व.०७८/०७९ को निकासी कर आय ठेक्का बन्दोबस्तसम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*(तेस्रो पटक प्रकाशित मिति २०७८/०९/२१)*

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे वमोजिम आ.व. २०७८/०७९ का लागि यस गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने कृषि तथा पशुजन्य वस्तुको निकासीमा गाउँपालिकाले उठाउन पाउने कर, दस्तुर र सेवा शुल्कका ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले तपशीलको शर्तहरुको अधिनमा रही इच्छुक फर्म, व्यक्ति वा कम्पनीहरुले तोकिएको अवधिभित्र रीतपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| क.सं. | विवरण | न्यूनतम अंक | फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुजन्य वस्तुको निकासीमा लगाइने कर ठेक्का | ३,००,०००। (तीन लाख मात्र) | रु. ५००। (पाँचसय) | २०७८ माघ ५ गते कार्यालय समयभित्र | २०७८ माघ ६ गते दिनको १२ बजेसम्म | २०७८ माघ ६ गते दिनको २ बजे | गाउँपालिकाको कार्यालय |

१. यो गोप्य शिलबन्दी दरभाउपत्र प्राप्त गर्ने मिति, समय र स्थान गाउँपालिकाको कार्यालय चुलाचुलीमा मिति २०७८/०९/२१ देखि मिति २०७८/१०/०५ गते दिनको कार्यालय समयसम्म हुनेछ ।

२. गोप्य शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७८ माघ ०६ गते दिनको १२:०० बजेसम्म हुनेछ तथा रितपूर्वक परेको शिलबन्दी वोलपत्र सोही दिन दिनको २:०० बजे चुलाचुली गाउँपालिकाको कार्यालय, इलाममा खोलिने छ ।

३. गोप्य शिलबन्दी बोलपत्रमा भाग लिनेले कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम एन्.एम्.बी. बैंक चुलाचुली शाखामा रहेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा जम्मा गरी सक्कलै भौचर शिलबन्दी बोलपत्रमा समावेश गर्नु पर्नेछ ।

४. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र सम्झौता गरी एकमुष्ठ ठेक्का रकम गाउँपालिकाको खातामा बुझाई बैंक भौचर पेश गर्नु पर्नेछ । एकमुष्ठ ठेक्का रकम बुझाउँदा १० प्रतिशतसम्म छुट दिन सकिने छ । किस्ताबन्दीमा छुटको सुविधा दिईने छैन । यदि किस्ताबन्दीमा बुझाउन चाहेमा सम्पूर्ण ठेक्का रकमको ३५% सम्झौताका बखत, ३५% ले हुने रकम ०७८ चैत्र मसान्तभित्र र बाँकी ३०% ले हुने रकम २०७९ जेष्ठ मसान्तभित्र यस कार्यालयमा बुझाई सक्नुपर्नेछ । तोकिएको समयमा तोकिएको किस्ता नबुझाएमा ठेकेदारले पेश गरेको बैंक जमानतबाट संझौता अनुसारको ठेक्का रकम असुल गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिनेछैन ।

५. ठेक्का स्वीकृत भएपछि ठेकेदारले पूरा गर्नुपर्ने शर्त पूरा नगरेको कारणबाट ठेक्का बदर गर्नु पर्ने भएमा ठेकेदारको धरौटी रकम जफत हुनेछ ।

६. ठेक्का सम्झौता भएपछि हडताल, चक्का जामजस्ता कारण देखाइ ठेक्का दर छुट वा मिनाहाको लागि निवेदन दिइएमा सम्झौता रकममा कुनै कारबाही वा छुट हुने छैन ।

७. नेपाल सरकार तथा गाउँपालिकाले समय समयमा दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै ठेक्कासम्बन्धी कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

८. करको दररेटहरु गाउँपालिकाले उपलब्ध गराएको अनुसार असुल उपर गर्नुपर्नेछ ।

९. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । केरमेट भएमा अक्षरमा लेखिएको कबुल अंकलाई सदर गरिनेछ ।

१०. विगतमा गाउँपालिकको ठेक्का बुझाउनु पर्ने रकम बक्यौता रहेको व्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउँदैन ।

११. फारम खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रतिलिपिसमेत पेश गर्नुपर्नेछ ।

१२. म्याद नाघेर तथा रीत नपुगी प्राप्त हुने फारम उपर कुनै कारबाही हुने छैन ।

१३. उल्लेखित शर्तहरुबाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

१४. अन्य जानकारीका लागि गाउँपालिकाको कार्यालय चुलाचुलीमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

*"कृषी, पर्यटन र पूर्वाधारमा उन्नती, चुलाचुली गाउँपालिकाबासीको समुन्नती"*

**चुलाचुली गाउँपालिकाको कार्यालय, इलाम**
**आ.व. २०७८/०७९ का लागि करको स्वीकृत दररेट**

| क्र.सं. | विवरण | इकाइ | दर रु. मा |
|---|---|---|---|
| 1. | चिरैतो | के.जी | 10 |
| 2. | रिट्ठा | के.जी | 2 |
| 3. | पांग्रा | के.जी | 1 |
| 4. | सिन्कौली( दालचिनी ) | के.जी | 5 |
| 5. | मजिटो | के.जी | 5 |
| 6. | पिपला | के.जी | 2 |
| 7. | ईन्द्रेणी बियाँ | के.जी | 0.25 |
| 8. | धुपी | के.जी | 5 |
| 9. | झ्याउ | के.जी | 5 |
| 10. | चिउरीको वियाँ | के.जी | 1 |
| 11. | पाखनवेद | के.जी | 5 |
| 12. | ओखर | के.जी | 5 |
| 13. | कुरिलोको जरा | के.जी | 2 |
| 14. | हाडे लसुन | के.जी | 2 |
| 15. | हर्रो, बर्रो | के.जी | 1 |
| 16. | बोझो | के.जी | 2 |
| 17. | अमला | के.जी | 1 |
| 18. | च्याउ | के.जी | 1 |
| 19. | अदुवा | के.जी | 0.50 |
| 20. | टिमुर | के.जी | 1 |
| 21. | उल्लेख नभएका अन्य जडिवुटि | के.जी | 1.50 |
| 22. | छ्वाली | प्रति ट्रक/प्रति ट्र्या | 100/80 |
| 23. | खर, पराल | प्रति ट्रक/प्रति ट्र्या | 100/80 |
| 24. | बाबियो, निगालो | के.जी. | 1.50 |
| 25. | लोक्ता | के.जी. | 2 |
| 26. | पटेर, अम्लीसो कुचो | के.जी | 0.50 |
| 27. | बाँस | प्रति गोटा | 1 |
| 28. | काचो छाला | प्रति के.जी. | 5 |
| 29. | नेपाली कागज | प्रतिकोरी | 5 |
| 30. | अर्गेली | प्रति के.जी. | 2 |
| 31. | खयर | प्रति के.जी. | 1 |
| 32. | काठको विड, वोर्ड | प्रति गोटा | 0.50 |
| 33. | काठको खाट | प्रति गोटा | 10 |
| 34. | काठको टेवल | प्रति गोटा | 5 |
| 35. | काठको कुर्सी | प्रति गोटा | 5 |
| 36. | काठको दराज | प्रति गोटा | 10 |
| 37. | वस्ने मुडा | प्रति गोटा | 1 |
| 38. | नरिवल सुकेको | प्रति के.जी | 0.50 |
| 39. | नरिवल काँचो | प्रति गोटा | 0.10 |

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| 40. | अलैची | प्रति के.जी | 10 |
| 41. | दाना( रुद्राक्ष) मुल्यवान वाहेक | प्रति के.जी. | 1 |
| 42. | तरकारी (वन्दाकोपी फूलकोपी, स्कुस | प्रति मन | 5 |
| 43. | अन्य तरकारीजन्य वस्तु | प्रति के.जी. | 0.25 |
| 44. | सुन्तला, कागती | प्रति के.जी. | 1 |
| 45. | नासपाती | प्रति के.जी. | 0.50 |
| 46. | आलु | प्रति मन | 5 |
| 47. | छुर्पि | प्रति के.जी. | 2 |
| 48. | माछ्रा आलो | प्रति के.जी. | 2 |
| 49. | चिया सुकेको तयारी | प्रति के.जी. | 2 |
| 50. | चिया हरीयो पत्ती | प्रति के.जी. | 0.20 |
| 51. | कफी | प्रति के.जी. | 2 |
| 52. | गाई, गोरु | प्रति गोटा | 100 |
| 53. | राँगा, भैसी, घोडा | प्रति गोटा | 150 |
| 54. | भेडा, बाखा, खसी, बोका | प्रति गोटा | 30 |
| 55. | सुगुर, वंगुर | प्रति गोटा | 30 |
| 56. | पाँडा पाडी, बाच्छा बाच्छी | प्रति गोटा | 10 |
| 57. | अन्य चौपाया | प्रति गोटा | 20 |
| 58. | हाँस, कुखुरा | प्रति गोटा | 5 |
| 59. | केरा | प्रति घरी | 5 |
| 60. | सुकेको हर्दी | प्रति के जी | 2 |
| 61. | सुकेकोलसुन | प्रति के.जी. | 2 |
| 62. | जुनार, निबुवा | प्रतिके.जी. | 2 |
| 63. | बोडी, गहत, दाल, फिलुङ्गे, दलहन,भट | प्रतिके.जी. | 0.25 |
| 64. | कालो मास | प्रति के.जी | |
| 65. | आँप, लिची | प्रति के.जी. | 0.25 |
| 66. | काँचो हर्दी | प्रति के.जी. | 0.25 |
| 67. | कटहर | प्रति के.जी. | 0.10 |
| 68. | तोरी र तेलहन | प्रति के.जी. | 0.25 |
| 69. | पिना | प्रति के.जी. | 0.25 |
| 70. | गँहु, धान | प्रति मन | 2 |
| 71. | चामल | प्रति मन | 2 |
| 72. | कोदो | प्रति मन | 2 |
| 73. | मैदा पिठो | प्रति मन | 2 |
| 74. | मकै | प्रति मन | 2 |
| 75. | सुर्यमुखि | प्रति के.जी | 0.10 |
| 76. | गुण लाली | प्रतिटिन | 2 |
| 77. | फापर, खरवुजा, काक्रो | प्रति के.जी | 0.15 |
| 78. | मुराही, चिउरा | प्रति के.जी | 0.05 |
| 79. | भुई कटहर | प्रति गोटा | 0.25 |
| 80. | पानको पात | प्रति टोकरी | 2 |
| 81. | पिडालु | प्रति के.जी | 0.10 |
| 82. | उखु | प्रति ट्रक/ट्र्याक्टर | 200/100 |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| 83. | तरुलजन्य बस्तु | प्रति के.जी. | 0.25 |
| 84. | सुपाडी काँचो | प्रति के.जी | 1 |
| 85. | सुपाडी सुकेको | प्रति के.जी. | 3 |
| 86. | सिन्का बाँसको | प्रति मन | 30 |
| 87. | अण्डा | प्रति क्यारेट | 1 |
| 88. | सिसौ, साल गोलिया | प्रति क्यू. फिट | 15 |
| 89. | सिसौ, साल चिरान | प्रति क्यू. फिट | 12 |
| 90. | अन्य काठ, चट्टा चिरान/गोलिया | प्रति ट्याक्टर | 100 |
| 91. | दाउरा चट्टा | प्रति कट्ट हाफ | 200 |
| 92. | | प्रति कट्ट सानो फुल | 300 |
| 93. | | प्रति ठुलो ट्रक | 400 |
| 94. | प्लाई बोर्ड | प्रति ट्रक | 1000 |
| 95. | तेज पत्ता | प्रति के.जी. | 2 |
| 96. | अम्लिसोको तयारी कुचो | प्रति गोटा | 3 |
| 97. | अकवरे खुर्सानी हरियो | प्रति के.जी. | 0.50 |
| 98. | अकवरे खुर्सानी सुकेको | प्रति के.जी | 1.50 |
| 99. | डोको, नाङ्लो, डालो, मान्द्रो (व्यावसायीक निकासी | | 2 |
| | ढाका टोपी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | 5 |
| 101. | सर्ट, चौवन्दी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | 5 |
| 102. | ढाका साडी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | 25 |
| 103. | ढाका ठुलो पछ्यौरी, कुर्ता सलवार १ दर्जन भन्दामाथि मात्र | प्रति गोटा | 15 |
| 104. | मह | प्रति के.जी. | 10 |
| 105. | गुजरगानो | प्रति के.जी. | 1 |
| 106. | चिङफिङ, सुनथाङ्ने | प्रति के.जी. | 15 |
| 107. | घिउ/चिज (दुग्ध विकास वाहेकको ) | प्रति के.जी. | 2 |
| 108. | एभाकाडो, किवी फल | प्रति के.जी. | 5 |
| 109. | मटरकोसा, भटमासकोसा | प्रति मन | 7 |
| 110. | किवी | प्रति के.जी. | 5 |
| 111. | बिरुवा | प्रति गोटा | 0.25 |

- कर संकलन केन्द्र गाउँपालिकाको कार्यालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।
- कर संकलन केन्द्रबाट दैनिक लगत संकलनका लागि गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउनेछ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत